# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडा स्विजरलैन्डको बासेलमा आयोजित Bank for International Settlement (BIS) को ८२ औं वार्षिक बैठकमा भाग लिई असार १२ गते स्वदेश फर्कनुभयो । उक्त बैठकमा Bank for International Settlement को वार्षिक प्रतिवेदनमाथि छलफल हुनुका साथै आर्थिक मन्दीबाट क्रमशः मुक्त हुँदै गएपछिको विश्व अर्थतन्त्र, अन्तर्राष्ट्रिय वित्तीय स्थायित्व, आर्थिक नीति र वित्तीय क्षेत्र, वित्तीय समावेशिता लगायतका विषयहरूमा छलफल भएको थियो ।

सो बैठकको विशेष सेसनमा SOCIETY, ECONOMIC POLICIES, AND THE FINANCIAL SECTOR विषयमा भारतीय रिजर्व बैंकका पूर्व गभर्नर वाई. भी. रेड्डीले वार्ता प्रस्तुत गर्नुभएको थियो । यस क्रममा उहाँले वित्तीय क्षेत्रले समाजको उन्नतिमा पु¥याउने योगदान, राष्ट्रिय आर्थिक नीतिसँग वित्तीय क्षेत्र नीतिको समन्वय तथा वित्तीय क्षेत्र स्वयम्मा परिणाम नभई एक माध्यम मात्र भएको जस्ता विषयमा प्रकाश पार्नुभएको थियो । जनसाधारणको चासोलाई केन्द्रीय बैंकको नीतिले सम्बोधन गर्नु पर्नेमा उहाँको जोड रहेको थियो ।

१७ मे, १९३० मा स्थापना भएको Bank for International Settlement विश्वको सबभन्दा पुरानो अन्तराष्ट्रिय वित्तीय संस्था हो । स्विजरलैण्डको वासेलमा प्रधान कार्यालय रहेको यस संस्थाले अन्तर्राष्ट्रिय मौद्रिक र वित्तीय सहयोगका साथै केन्द्रीय बैंकहरूको बैंकको भूमिका पनि निर्वाह गर्दछ ।

बैठकका क्रममा गभर्नर खतिवडाले BIS का पदाधिकारीहरू तथा सहभागी केन्द्रीय बैंकका गभर्नरहरूसँग आपसी सहयोगबारे छलफल गर्नुभएको थियो । उक्त बैठकमा भाग लिन उहाँ असार ८ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

२०६९ असार १३ गते बुधबार

गभर्नरको कार्यालय